ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

प.सं. एशियन लाईफ च.नं./2023/०७९/०८०

मितिः २०८०/०१/२४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

एशियन लाईफ इन्स्योरेन्स कं. लि. स्था: २०६४ प्रधान कार्यालय, काठमाडौं

**विषयः १५औं बार्षिक साधारणसभाको निर्णय (माईन्यूट) बारे ।**

महोदय,

उपरोक्त बिषयमा यस कम्पनीको आ.ब.२०७८/७९ को मिति २०८०/०१/१८ गते सोमबार सम्पन्न भएको १५औं साधारण सभाले गरेका निर्णयहरु (माइन्यूट) जानकारीको लागि यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न-** १.साधारणसभाको निर्णय - थान १
(मिति २०८०/०१/२४ गतेको करोबार राष्ट्रिय
दैनिक पत्रिकामा प्रकाशित माइन्यूट)

भवदीय,

(प्रकाश सिंह कठायत)
**कम्पनी सचिव**

**बोधार्थः**

१) श्री नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
२) श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।
३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौं ।

मिति २०८०/०१/२४ गतेको कारोबार राष्ट्रिय दैनिक

"सामाजिक सुरक्षा र बचतको लागि बीमा गरौं"

# एशियन लाईफ इन्स्योरेन्स कं.लि.को

## १५ औं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय (माईन्यूट) विवरण सम्बन्धमा एशियन लाईफ ईन्स्यरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन २०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिमको सूचना

**१. सभाको संचालन :** एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १५औं वार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूको अध्यक्षतामा २०८०/०१/१८ गते सोमबार (तदनुसार मे १, २०२३) स्वयम् सहभागी भई होटल क्लासिक सिमरा,बारामा सम्पन्न भयो ।

**२. शेयरधनीहरुको उपस्थिति :** शेयरधनीहरु स्वयम् ४० जना, शेयरधनीहरुको प्रोक्सि मार्फत ७१ जना गरी जम्मा १११ जना तथा जम्मा उपस्थिति शेयर संख्याको आधारमा ५४.५२ प्रतिशत थियो ।

**३. सूचना प्रकाशन :** कम्पनीको १५औं वार्षिक साधारण सभाको सूचना कारोबार राष्ट्रिय दैनिकमा मिति २०७९/१२/२४ गतेको अंकमा पहिलो पटक तथा मिति २०८०/०१/०८ गते सोही पत्रिकामा दोश्रो पटक प्रकाशित गरिएको थियो । साथै वार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानामा हुलाक, कुरीयर र कर्मचारी मार्फत पठाईएको थियो । साथै कम्पनीको वार्षिक प्रतिवेदन तथा साधारण सभाको विस्तृत विवरण कम्पनीको वेबसाईटमा समेत राखिएको थियो ।

**४. वार्षिक प्रतिवेदन प्रस्तुती :** सभाका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूले आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

**६. सभाको प्रस्ताव तथा निर्णयहरु :** साधारणसभाबाट छलफल पश्चात निम्नानुसार प्रस्तावहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**(क) सामान्य प्रस्तावहरु :**

**प्रस्ताव नं.१)** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

**निर्णय नं.१)** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२)** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०७८/७९ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

**निर्णय नं.२)** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/७९ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३)** संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.४४७ प्रतिशतले हुन आउने रु.१,३०,०९,९७०/- पारित गर्ने बारे ।

**निर्णय नं.३)** संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.४४७ प्रतिशतले हुन आउने रु.१,३०,०९,९७०/- पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४)** आर्थिक वर्ष ०७९/८० को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**निर्णय नं.४)** आर्थिक वर्ष ०७९/८० को लागि लेखापरिक्षण समितिको सिफारीश बमोजिम बाह्य लेखा परिक्षक श्री सुशील एण्ड एशोसियट्सलाई NFRS बमोजिम (Financial / Tax Audit) गर्न पारिश्रमिक वापत रु.३,८५,०००/- (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गरिएकोमा सो अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

**प्रस्ताव नं.१)** आर्थिक वर्ष २०७८/७९ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.२,९०,८१,११,०७५/- को बोनस शेयर ८.५० प्रतिशतले हुन आउने रु.२४,७१,८९,४४२/- रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.१)** आर्थिक वर्ष २०७८/७९ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.२,९०,८१,११,०७५/- को बोनस शेयर ८.५० प्रतिशतले हुन आउने रु.२४,७१,८९,४४२/- रकम बराबरको बोनश शेयर वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२)** उल्लेखित बोनस शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।

**निर्णय नं.२)** उल्लेखित बोनस शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३)** कम्पनीको अधिकृत पूँजी रु.५ अर्ब लाई वृद्धि गरी रु.६ अर्ब कायम गर्न प्रबन्धपत्रको दफा ६.१(क) मा संशोधन गर्ने बारे ।

**निर्णय नं.३)** कम्पनीको अधिकृत पूँजी रु.५ अर्ब लाई वृद्धि गरी रु.६ अर्ब कायम गर्न प्रबन्धपत्रको दफा ६.१(क) मा संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं.४)** कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं. २, ३ र ५ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**निर्णय नं.४)** कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं. २, ३ र ५ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संलग्न तीन महले बमोजिम संशोधन गर्न सर्वसम्मतिले संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.५)** कम्पनीले व्यवसायीकरुपमा भाडामा दिन तथा बिक्री गर्न भवन निर्माण गर्ने सम्बन्धमा प्रबन्धपत्रको दफा ५(क) मा संशोधन गर्ने बारे ।

**निर्णय नं.५)** कम्पनीले व्यवसायीकरुपमा भाडामा दिन तथा बिक्री गर्न भवन निर्माण गर्ने सम्बन्धमा प्रबन्धपत्रको दफा ५(क) मा संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**ग) विविध:** विविध शिर्षक अन्तर्गत छलफलको विषयहरु प्रस्तुत नभएको ।

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.

**प्रधान कार्यालय**
एशियन लाईफ भवन, मैतीदेवी, काठमाण्डौं
फोन नं. ०१-४५१०११५, ४५३०२७०